# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# १ नं. प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्डः २ संख्याः ७ मितिः २०७९/०८/११

**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नीति सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७९ सालको नीति नं.–१**

# सरकारी कामकाजमा मातृभाषा प्रयोग सम्बन्धि नीति (कार्ययोजना सहित) २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/०७/२४

प्रमाणिकरण मितिः २०७९/०८/११

# सरकारी कामकाजमा मातृभाषा प्रयोग सम्बन्धि नीति (कार्ययोजनासहित)-२०७९

**१.प्रस्तावनाः**

नेपालको संविधान २०७२ को अनुसूची ८ को २२ मा भएको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकासको व्यवस्था भएअनुसार स्थानीय तह सरकार सञ्चालन २०७४ को दफा ११ को उपदफा (फ) को १ मा भाषाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमनको व्यवस्थाका साथै उपदफा ५ मा भाषा संरक्षण र विकाससम्बन्धी अन्य कार्य गर्ने संवैधानिक तथा कानूनी व्यवस्था भएअनुसार स्थानीय तहमा विकास र भाषा संरक्षण नीति (२०७९) तयार पारिएको छः

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) सरकारी काजकाजमा मातृभाषा भन्नाले स्थानीय तहभित्र बहुसंख्यक जनताले बोल्ने मातृभाषालाई यस गाउँपालिकाको व्यवस्थापिका, कार्यपालिका र न्यायिक समितिमा प्रयोग गरिने भाषालाई जनाउनेछ ।

ख) भाषाको संरक्षण भन्नाले एक पुस्ताबाट अर्को पुस्तामा भाषाको पुस्तैनी हस्तारणलाई बुझाउनेछ ।

ग) मातृभाषा भन्नाले कुनै पनि व्यक्तिले घरपरिवार र समुदायबाट जीवनमा पहिलो पटक सिकेको भाषा वा आमा बुबा लगायत परिवारका सदस्य वा संरक्षकबाट पहिलोपल्ट सिकेको व्यक्तिको भाषालाई जनाउनेछ ।

घ) मातृभाषामा शिक्षा भन्नाले कक्षाकोठाको शिक्षणसिकाइ प्रक्रियामा नेपाली वा अङ्ग्रेजी भाषाबाहेक बालबालिकाले मातृभाषाबाट समेत पठनपाठनलाई जनाउनेछ ।

ङ) बहुभाषिक शिक्षा भन्नाले कक्षाकोठाको शिक्षणसिकाइ प्रक्रियामा नेपाली र अंग्रेजीका अलावा मातृभाषा समेत प्रयोग गरी पठनपाठन गर्नुलाई जनाउँनेछ ।

च) मातृभाषामा आधारित बहुभाषिक शिक्षा भन्नाले मातृभाषाको प्रयोग राष्ट्रिय तथा अन्तर्राष्ट्रिय माध्यम भाषाको रूपमा एकसाथ प्रयोग गरी पठनपाठन गर्ने पद्धतिलाई जनाउनेछ ।

## परिच्छेद- एक

## स्थानीय तहमा भाषा संरक्षण र विकाससम्बन्धी नीतिगत पक्षहरू

### ३. सरकारी कामकाजमा मातृभाषाको प्रयोग

क) नेपाली भाषाका अतिरिक्त गाउँपालिकाभित्र बहुसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषालाई पालिकाको कानून बमोजिम पालिकाको सरकारी कामकाजको भाषा प्रयोग गर्ने,

*तर अल्पसङ्ख्यकले स्थानीय तहमा बोल्ने भाषाहरूलाई संविधानतः विशेष संरक्षित वा स्वायत क्षेत्रको धारणाअनुसार रैथाने भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोगका लागि स्थान प्रदान गरिनेछ ।*

ख) स्थानीय तहमा बोलिने भाषाहरूमा आवश्यकतानुसार स्थानीय तहको सेवा प्रवाह गर्ने भाषा अनुवादकको व्यवस्था गर्ने,

ग) स्थानीय तहमा खटिएको राष्ट्रसेवकलाई स्थानीय तहको भाषा सिक्न प्रोत्साहन गर्ने,

घ) गाउँपालिकाका प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो मातृभाषामा सेवा पाउने हक हुने,

ङ) स्थानीय सरकारले बहुभाषिक नीति अवलम्बन गर्ने,

च) गाउँपालिकामा मातृभाषा कक्ष वा सहायता कक्ष डेस्कको व्यवस्था गर्ने,

छ) अन्तराष्ट्रिय मातृभाषा दिवसलाई स्थानीय सरकारले कार्यक्रमसहित मनाउने व्यवस्था गर्ने।

**४. भाषाको संरक्षण तथा विकास**

क) अल्पसङ्ख्यक समुदायको मातृभाषाको पुस्तान्तरण (बाजेपुस्तादेखि नातिपुस्ता) गर्न प्रोत्साहन गर्ने,

ख) अत्यन्त लोपोन्मुख (मृतप्रायः) भाषाहरूको संरक्षणका लागि लिपि तथा वक्ता संरक्षणका लागि भाषावृत्ति प्रदान गर्ने,

ग) भाषाहरूको वर्णनिर्धारण, लेख्य पद्धति, शब्दकोश, ब्याकरण, साहित्य आदि अभिलेखीकरण गर्ने,

घ) पालिकाभित्र बोलिने भाषाहरूलाई आम सञ्चार, शिक्षा, अदालत, सरकारी सेवा, लोकसेवा, शिक्षक सेवा, सूचना आदिमा प्रयोग गर्ने,

ङ) स्थानीय तहमा भाषिक तथा सांस्कृतिक सङ्ग्रहालय र अभिलेखालय स्थापना गर्ने,

च) प्रचलित र रैथाने लिपिहरूको संरक्षण, संवर्धन र प्रयोग विस्तार गर्ने,

छ) लोकवार्ता सङ्कलन तथा अभिलेखन गर्ने र गराउने,

ज) विद्यालयहरूमा मातृभाषालाई माध्यम भाषा र विषयका रूपमा लागू गर्ने,

झ) भाषिक सङ्घसंस्थाहरूसँग भाषा संरक्षण र विकासका लागि सहकार्य र साझेदारी गर्ने,

ञ) स्थानीय तहमा भाषा र संस्कृति संरक्षण तथा विकासको लागि खिजीदेम्बा वाङ्मय प्रतिष्ठान गठन गर्ने ।

५. **मातृभाषामा शिक्षा सम्बन्धी**

क) प्रत्येक मातृभाषी बालबालिकाले आफ्नो मातृभाषामा विद्यालय शिक्षा प्राप्त गर्ने,

ख) विद्यालयको भाषिक नक्साङ्कन गर्ने

ग) विद्यालय तहका पाठ्यक्रममा व्यवस्था भएअनुसारको स्थानीय पाठ्यक्रम तयार गरी मातृभाषा विषय लागू गर्ने,

घ) मातृभाषामा शिक्षा कार्यान्वयन गर्ने मातृभाषामा आधारित बहुभाषिक शिक्षा लागू गर्ने,

ङ) बहुभाषिक शिक्षाबमोजिम मातृभाषी पाठ्यसामग्री तयार पार्ने वा पार्न सहयोग गर्ने,

च) शिक्षकको क्षमता विकासका लागि बहुभाषिक शिक्षामा अभिमुखीकरण गर्ने,

छ) गाउँपालिकाबाट बहुभाषिक शिक्षाका लागि शिक्षकको व्यवस्था र व्यवस्थापन गर्ने,

ज) समुदायसम्म बहुभाषिक शिक्षासम्बन्धी सचेतना अभिवृद्धि गर्ने,

झ) मातृभाषा शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री विकास समिति गठन गर्ने,

**ञ)** संस्थागत तथा सामुदायिक विद्यालयहरूमा बहुभाषिक नीतिलाई समान रूपमा कार्यान्वयन गर्ने

**६.भाषाको अध्ययन अनुसन्धान सम्बन्धी**

क) गाउँपालिकाभित्र बोलिने भाषाहरूको सर्वेक्षण गरी भाषिक पार्श्वचित्र (प्रोफाइल) तयार गर्ने**,**

ख) गाउँपालिकाभित्र बोलिने सबै भाषाहरूको स्तर मापन गरी प्रयोगको सम्भाव्यता अध्ययन गर्ने,

ग) स्थानीय तहमा बोलिने भाषा तथा लिपिको प्रयोग अवस्थाको अध्ययन गरी प्रयोग विस्तारको उपाय खोजी गर्ने,

घ) स्थानीय तहमा भाषिक अपसरण वा स्थानान्तरण सम्बन्धी अध्ययन गर्ने,

ङ) शिक्षामा मातृभाषाको प्रयोग सम्बन्धी अध्ययन अनुसन्धान गर्ने,

**७.भाषा र सूचना प्रविधि सम्बन्धी**

क) स्थानीय तहमा बोलिने मातृभाषाहरूको विद्युतीय अभिलेखन गर्ने,
ख) स्थानीय मातृभाषाका पाठ्यसामग्री सामग्रीहरूको प्रकाशन तथा प्रसारण गर्ने,
ग) स्थानीय मातृभाषाहरूमा वृत्तचित्र, युट्युव, कार्टुन, पाठ्यसामग्री तयार गर्ने,
घ) स्थानीय मातृभाषाहरूमा बहुभाषिक शब्दकोश तयार गर्नुका साथै अन्य पाठ्यसामग्रीहरू विकास गरी उपलब्ध गर्ने,

**८.अनुगमन तथा नियमनसम्बन्धी**

**क)** मातृभाषा संरक्षण तथा विकास अनुगमन र नियमन समिति गठन गर्ने,
**ख)** समितिले चौमासिक अनुगमन गरी नियमनका लागि पृष्ठपोषण तथा आवश्यक कारवाही गर्ने
**ग)** भाषा संरक्षण तथा विकाससम्बन्धी अनुगमन प्रतिवेदनको सार्वजनिकीकरण गर्ने
**घ)** भाषिक संरक्षण र विकासका लागि अनुगमन सूचक तयार गर्ने,
**ङ)** स्थानीय सरकारको अनुमति लिएर मात्र बाह्य सङ्घ संस्थाले भाषासम्बन्धी कार्य गर्न पाउने

## परिच्छेदः दुई

## सरकारी कामकाजमा मातृभाषाको प्रयोग हुने

**९.सरकारी कामकाजको भाषा सम्बन्धी**

**क)** भाषा आयोगबाट भएका सिफारिस एवं स्थानीय तहमा सरकारी कामकाजको भाषा चयनका आधार तयार पश्चात भाषा छनोट गरी स्थानीय मातृभाषालाई सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गरिनेछ ।

**ख)** स्थानीय सरकारबाट सार्वजनिक सेवा प्रवाहका लागि गाउँसभाबाट दरबन्दीसहित भाषा अनुवादक र मातृभाषा शिक्षकको व्यवस्था गरिनेछ ।

**ग)** स्थानीय तहका सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई बहुभाषा तालिमको व्यवस्था गरिनेछ ।

**घ)** स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रममा भाषा संरक्षण तथा विकास समावेश गरिनेछ ।

**१०.भाषाको संरक्षण तथा संवर्धन सम्बन्धी**

क) भाषिक पुस्तान्तरणका लागि समुदाय सचेतना कार्यक्रम गरिनेछ ।

ख) स्थानीय तहमा मौजुदा अत्यन्त लोपोन्मुख भाषाहरूका भाषिक वक्ता संरक्षणका कार्यक्रम लागू गरिनेछ। वक्ताका लागि भाषावृत्ति मासिक रूपमा स्थानीय तहले प्रदान गर्न सक्नेछ।

ग) समुदाय र विद्यालयमा मातृभाषामा कक्षा सञ्चालन र मातृभाषा विषय स्थानीय पाठ्यक्रममा गरिनेछ ।

घ) सरकारी सेवा प्रवाहमा मातृभाषाको प्रयोगलाई अनिवार्य गर्न स्थानीय तहका कर्मचारीहरूलाई भाषिक तालिम सञ्चालन गरिनेछ ।

ङ) भाषिक सङ्घसंस्थासँगको सहकार्य र साझेदारी गरिनेछ ।

च) भाषिक अभिलेखालय र भाषा कक्ष वा सहायता कक्ष स्थापना गरिनेछ ।

छ) स्थानीय तहमा विभिन्न भाषा र लिपिको प्रयोग विस्तार गरिनेछ ।

**११. मातृभाषामा शिक्षा सम्बन्धी**

**क)** विद्यालयको भाषिक नक्साङ्कन गरिनेछ । विद्यालयको भाषिक नक्साङ्कन गरी समुदाय र विद्यार्थीको भाषिक सक्षमता परीक्षण गरिनेछ ।

**ख)** मातृभाषा विषय पठनपाठन गर्ने व्यवस्थाको कार्यन्वयन गरिनेछ ।

**ग)** विद्यालमा कार्यरत शिक्षकलाई तालिम, शिक्षकको कार्यजिम्मेवारी प्रदान, बहुभाषिक शिक्षक कोटाको सिर्जना गरिनेछ ।

**घ)** बहुभाषिक शिक्षा नमुना विकास गरिनेछ । जसमा ०–३ कक्षामा मातृभाषामा आधारित बहुभाषिक कक्षा सञ्चालन गरिनेछ । कक्षा ४ देखि मातृभाषा विषयको पठनपाठन गरी मातृभाषा शिक्षालाई निरन्तरता दिइनेछ।

**ङ)** पाठ्यक्रम अनुसारको मातृभाषा विषयको पठनपाठन अनिवार्य गरिनेछ । जसमा स्थानीय विषय र मातृभाषा विषयलाई सँगसँगै लागू गरिनेछ ।

**च)** विद्यालयहरूमा बहुभाषिक शिक्षा कार्यान्वयनका लागि शिक्षकलाई बहुभाषिक शिक्षा विषयमा तालिम सञ्चालन गरिनेछ ।

**छ)** मातृभाषा शिक्षा सम्बन्धि साक्षरता एवं सचेतना कार्यक्रम गरिनेछ।

**ज)** मातृभाषा शिक्षाका लागि स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्नका लागि विज्ञसहितको समिति गठन गरिनेछ ।

**झ)** विद्यालयहरूमा स्थानीय तहमा बोलिने भाषाहरूमा प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।

**१२.भाषाको अध्ययन अनुसन्धान सम्बन्धी**

**क**) स्थानीय तहको भाषिक सर्वेक्षण गरी भाषिक विवरण वा भाषिक पार्श्वचित्र अर्थात प्रोफाइल तयार गरिनेछ ।

**ख**) स्थानीय तहका भाषाको अध्ययन गरी शिक्षामा प्रयोग सम्भाव्यताको पहिचान गरिनेछ ।

**ग**) भाषिक अपसरण वा स्थानान्तरणको प्रभाव अध्ययन गरी भाषिक जीवन्तताको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**घ**) भाषा र लिपिको प्रयोग विस्तारको लागि अध्ययन र आधार खोजी गरिनेछ ।

**ङ**) स्थानीय भाषाहरूको अवस्था अध्ययन गरी स्तर मापन गरिनेछ ।

**१३. भाषा तथा सूचना प्रविधि सम्बन्धी**

क) स्थानीय तहमा बोलिने भाषाहरूको विद्युतीय अभिलेखन कार्य गरिनेछ ।

ख) स्थानीय तहमा बोलिने भाषाका सामग्रीहरूको प्रकाशन तथा प्रसारण गरिनेछ ।

ग) स्थानीय भाषिक समुदाय र वक्ताको सहजताका लागि मातृभाषामा विद्युतीय पाठ्यसामग्री तयार पारी विद्युतीय माध्यमबाट उपलब्ध गरिनेछ।

घ) स्थानीय तहका भाषाहरूमा भाषिक शब्दकोश तयार गरी प्रयोगमा ल्याइनेछ।

**१४. अनुगमन तथा नियमन सम्बन्धी**

**क)** स्थानीय तहमा मातृभाषाको प्रयोग सम्बन्धी अनुगमन र नियमन समिति गठन गरी कार्यान्वयन गरिनेछ।

**ख)** भाषा सम्बन्धी तयार भएका वार्षिक प्रतिवेदनको शिक्षा शाखामार्फत गाउँसभामा पेस गरिनेछ ।

**ग)** सरकारी कामकाजमा भाषाको प्रयोगसम्बन्धी अनुगमन सूचक तयार गरी नतिजामा आधारित अनुगमन गरिनेछ ।

## परिच्छेद- तीन

## संस्थागत जिम्मेवारीहरू

**१५. स्थानीय सरकारको जिम्मेवारी**

**क)** भाषा संरक्षण र विकास सम्बन्धी नीति, योजना, मापदण्ड तयार गरी लागू गर्नुपर्नेछ।

**ख)** भाषा संरक्षण र विकासका लागि कार्यक्रमसहित बजेटको व्यवस्था गर्नुपर्नेछ ।

**१६. स्थानीय सङ्घसंस्थाको भाषिक जिम्मेवारी**

**क)** भाषिक अधिकारको प्राप्तिका लागि बहस, पैरवी गरी अगुवाइ गर्नुपर्नेछ।

**ख)** भाषिक अधिकारका लागि समन्वय र सहकार्य गर्नुपर्नेछ।

**१७. समुदायको भाषिक जिम्मेवारी**

**क)** मातृभाषाको पुस्तागत हस्तान्तरण गर्ने, संस्कृति, संस्कारमा प्रयोग गर्नु पर्नेछ।

**ख)** भाषिक आवश्यकता र अपेक्षालाई सम्बद्ध निकायमा पेस गर्नुपर्नेछ।

## परिच्छेद–४

## विविध

**१८. नियम बनाउन सक्नेः** भाषिक नीति कार्यन्वयन गर्नका लागि गाउँपालिकाले आवश्यक ऐन, नियम तथा कार्यवधिहरू बनाउन सक्नेछ र त्यस्ता ऐन, नियम तथा कार्यविधिहरू गाउँसभा तथा गाउँपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

**आज्ञाले,**

**(डम्बरबहादुर रजनमगर)**

**प्रमुख प्रशासकीय अधिकृत**

## १०. कार्यान्वयन कार्ययोजना

| क्र. सं. | कार्यक्षेत्र | कार्यनीति वा कार्यक्रम | कार्यविधि वा प्रक्रिया | जिम्मेवार निकाय | सहयोगी निकाय | स्रोत व्यवस्थापन | समयसीमा | अनुगमन |
|---|---|---|---|---|---|---|---|---|
| १. | **सरकारी कामकाजमा मातृ भाषाको प्रयोगसम्बन्धी** | क) भाषा छनोट र प्रयोग<br>ख) भाषा अनुवादकको व्यवस्थ,<br>ग) कर्मचारीका लागि तालिम<br>घ) वार्षिक कार्यक्रममा भाषा संरक्षण र विकासको प्रबन्ध, | क) भाषा चयनको आधार तयार गरी छनोट,<br>ख) अनुवादको विकास र व्यवस्था,<br>ग) शिक्षक र कर्मचारीको लागि स्थानीय भाषा तालिमको व्यवस्था,<br>घ) स्थानीय तहको कार्यक्रम र बजेटमा भाषा संरक्षण र विकास समावेश गर्ने, | स्थानीय सरकार | प्रदेश सरकार, सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | **भाषाको संरक्षण तथा संवर्धन सम्बन्धी** | क) भाषिक पुस्तान्तरण<br>ख) वक्ता संरक्षण र भाषावृत्ति प्रदान,<br>ग) मातृभाषाबाट सेवाप्रवाह,<br>घ) भाषिक अभिलेखालय<br>ङ) भाषा र लिपिको प्रयोग विस्तार,<br>च) शैक्षिक संस्था स्थापनाको लागि अनुदान,<br>छ) सहकार्य र साझेदारी । | क) भाषिक हस्तान्तरणका लागि सचेतना<br>ख) वक्ताका लागि प्रोत्साहन, भाषावृत्ति<br>ग) सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोग,<br>घ) स्थानीय भाषाको वर्णनिर्धारण, शब्दसङ्कलन, व्याकरण लेखन कार्य गर्ने<br>ङ) मातृभाषी विद्यालय स्थापना गर्न अनुदान<br>च) भाषिक र गैससससँगको समन्वय र सहकार्य गर्ने, | स्थानीय सरकार | प्रदेश सरकार , सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | **मातृभाषामा शिक्षासम्बन्धी** | क) मातृभाषामा शिक्षा<br>ख) मातृभाषा विषय पठनपाठन,<br>ग) शिक्षक व्यवस्थापन र सक्षमता विकास,<br>घ) बहुभाषिक शिक्षा नमुना विकास<br>ङ) विद्यालयमा स्थानीय मातृभाषामा सिर्जनात्मक कार्यक्रम, | क) विद्यालय भाषिक नक्साङ्कन गर्ने,<br>ख) ०–३ कक्षासम्म बहुभाषिक कक्षा सञ्चालन गर्ने,<br>ग) पाठ्यअनुसार मातृभाषाको विषयको अनिवार्य पठनपाठन गर्ने (कक्षा १ देखि वा ४ देखि),<br>घ) शिक्षक व्यवस्थापन र तालिमको व्यवस्था गर्ने,<br>ङ) स्थानीय मातृभाषामा पाठ्यसामग्री तयार गर्ने,<br>च) बहुभाषिक प्रतियोगिता सञ्चालन गर्ने, | स्थानीय सरकार | प्रदेश सरकार , सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | **भाषाको अध्ययन तथा अनुसन्धानसम्बन्धी** | क) भाषिक प्रोफाइल निर्माण<br>ख) भाषिक प्रयोग सम्भाव्यताको अध्ययन<br>ग) भाषिक अपसरणसम्बन्धी अध्ययन<br>घ) भाषा र लिपि प्रयोग विस्तारसम्बन्धी अध्ययन<br>ङ) भाषाहरूको अध्ययन र स्तर मापन | क) स्थानीय तहको भाषिक सर्वेक्षण गर्ने,<br>ख) भाषाहरूको अध्ययन गरी स्तर मापन गर्ने,<br>ग) भाषा र लिपिका साथै भाषिक स्थानान्तरणको अध्ययन गर्ने, | स्थानीय सरकार | प्रदेश सरकार , सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | **भाषा तथा सूचना प्रविधिसम्बन्धी** | क) भाषाका सामग्रीहरूको प्रकाशन<br>ख) भाषाहरूको विद्युतीय अभिलेखन<br>ग) बहुभाषिक शब्दकोश निर्माण<br>घ) मातृभाषामा विद्युतीय पाठ्यसामग्री निर्माण | क) स्थानीय भाषामा सामग्री प्रकाशन गर्ने<br>ख) भाषाहरूको विद्युतीय अभिलेखन गर्ने<br>ग) स्थानीय भाषाहरूमा बहुभाषिक शब्दकोश तयार गर्ने<br>घ) मातृभाषामा विद्यतीय पाठ्यसामग्री निर्माण गर्ने | स्थानीय सरकार | प्रदेश सरकार , सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६. | **अनुगमन तथा नियमनसम्बन्धी** | क) चौमासिक अनुगमन<br>ख) अनुगमन साधन र सूचक निर्माण<br>ग) सरकारी कामकाजमा मातृभाषाको प्रयोगसम्बन्धी प्रतिवेदनको सार्वजनिकीकरण | क) अनुगमन तथा नियमन समिति गठन गर्ने<br>ख) कार्यक्रम र अनुगमन आबद्ध गर्ने<br>ग) अनुगमनका लागि सूचक तयार पार्ने<br>घ) सरकारी कामकाजमा मातृभाषाको प्रतिवेदनको सार्वजनिकीकरण गर्ने, सार्वजनिक सुनुवाइ गर्ने | स्थानी सरकार | प्रदेश सरकार , सङ्घीय सरकार, भाषिक सङ्घसंस्था, भाषा आयोग | स्थानीय सरकार | १ वर्षभित्र | प्रदेश सरकार, भाषा आयोग, भाषिक सङ्घसंस्था |